# विश्व

**विरोध प्रदर्शन**
मेसेडोनियाको नयाँ नामाकरण सम्बन्धमा भएको ग्रिसमा विरोध प्रदर्शन हुँदै ।



**अस्वीकार**
अफगानिस्तानमा तालिबान लडाकुले इदको उपलक्ष्यमा युद्धविराम लम्ब्याउन अस्वीकार गरेको छ ।



**विश्व २ मिनेट**

**फिलिपिन्स**

### चिनियाँ आक्रमणको त्रास

मनिला, (एजेन्सी)

फिलिपिन्स चीनबाट हुन सक्ने अतिक्रमणका लागि तयार हुनुपर्ने पूर्ववरिष्ठ रक्षा अधिकारीले बताएका छन्। तर चिनियाँ आक्रमणको त्रासलाई लिएर आएको उक्त चेतावनी कुन हदसम्म सत्य हो भन्ने प्रष्ट भएको छैन। केही घन्टामा चीनले देशको धरैजसो सुरक्षा केन्द्र ध्वस्त पार्न सक्ने र सम्भवत: केही नगर पनि त्यसमा पर्ने पूर्व र राष्ट्रिय सुरक्षाका सचिव तथा राष्ट्रिय सुरक्षा सल्लाहकार नोर्बेटो गोन्जालेजले फिलिपिन्सको समाचार साइट राप्पलरलाई बताए। चिनियाँ आक्रमणविरुद्ध आपतकालीन योजना तर्जुमा गर्न उनले आग्रह गरेका छन्। चीनले अहिलेसम्म कसैमाथि अतिक्रमण नगरेको तर क्षेत्रीय द्वन्द्व रोक्न यो हुन सक्ने उनले बताए।

**चीन**

### नियम कडा

बेइजिङ, (एजेन्सी)

चीनले राजधानी बेइजिङ कारपुलिंगमा बलात्कारको घटना अगाडि आएपछि नियम कडा पारेको छ। कारपुलिंग सेवाका पुरुष चालकले राति १० बजेपछि महिला यात्रीलाई राख्न नपाउने भएको छ। ट्याक्सीभित्रै महिलामाथि बलात्कारका २ घटना भएपछि यो नियम ल्याएको हो। यो नियमलाई लागू गर्न बेइजिङमा पर्याप्त महिला चालक राखिएको र त्यसले पुरुष चालकको कमी पूरा गर्ने बताइएको छ। बलात्कारको घटना दोहोरिएपछि स्थानीय सरकारले क्याब सेवा नै बन्द गरेको थियो। अहिले उक्त सेवा पुन: शुरू भए पनि अत्यन्त कडा निगरानीमा छ।

**स्पेन**

### बन्दरगाहमा आप्रवासी

म्याड्रिड, (एजेन्सी)

भू-मध्यरेखीय सागरबाट अलपत्र परेको एउटा जहाजबाट उद्धार गरिएका आप्रवासी आइतबार स्पेनको भ्यालेन्सिया टापुमा आइपुगेका छन्। तिनीहरूलाई इटली र माल्टाले शरण दिन अस्वीकार गरेका थिए। गत सप्तान्त ती ६ सय ३० जना आप्रवासीलाई उद्धार गरेका अक्वारियसलगायत ३ वटा जहाज हिजो स्पेनको बन्दरगाहमा आइपुगेका हुन्। तिनीहरूलाई सहयोग गर्न रेडक्रसका कार्यकर्ता, स्वास्थ अधिकारी र दोभाषेहरू त्यहाँ जम्मा भएका छन्। स्पेनको नयाँ समाजवादी सरकारले तिनीहरूलाई नि:शुल्क स्वास्थ स्याहार सेवा उपलब्ध गराइने प्रतिबद्धता जनाएको छ।

**अमेरिका**

### आक्रमकारी मारिए

ट्रेन्टन, (एजेन्सी)

अमेरिकाको न्यूजर्सी राज्यको ट्रेन्टनमा शनिबार राति आयोजित आर्टस फेस्टिभलमा २ जना व्यक्तिले अन्धाधुन्ध गोली चलाउँदा कम्तिमा २० जना मानिस घाइते भएको प्रहरीले जनाएको छ। घाइते हुनेमा १ जना १३ वर्षीय बालक पनि रहेका छन्। सो कार्यक्रममा करिब १ हजार व्यक्तिले स्थानीय कला, संगीत र खानेकुराको आनन्द लिइरहेका बेला अप्रिय घटना घटेको थियो। प्रहरीले १ जना ३३ वर्षीय आशंकित पुरुषलाई गोली हानी मारिएको र अन्य १ पुरुषलाई हिरासतमा लिइएको छ। १ जना किशोरलगायत ४ जना घाइतेको स्थिति चिन्ताजनक रहेको बताइएको छ।

## आबेद्वारा उत्तर कोरियालाई आपसी अविश्वासबाट उन्मुक्तिका लागि आह्वान



टोक्यो, (एजेन्सी)

जापानी प्रधानमन्त्री सिन्जो आबेले उत्तर कोरियाली नेता किम जोङ उनलाई आपसी अविश्वासबाट 'संयुक्त उन्मुक्ति'का लागि आह्वान गरेको छ। जापान र उत्तर कोरिया शिखर सम्मेलनको आयोजनाका लागि प्रयास भइरहेको पनि उनले पुष्टि गरेका छन्।

आफ्नोको सरकारले किमसँगको बैठक मिलाउन उत्तर कोरियाली पक्षसँग 'विभिन्न माध्यम'बाट सम्पर्क गरेको एक टेलिभिजन अन्तरवार्तामा आबेले बताए।

गत मंगलबार सिंगापुरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको ऐतिहासिक शिखरवार्ताका क्रममा किमले आफू आबेसँग भेटवार्ता गर्न खुला रहेको बताएका थिए। जापानले दशकौं अगाडि उत्तरले कब्जामा लिएको नागरिकको मुद्दालाई भेटवार्तामा उठाउन सक्छ। हालैका महिनामा व्यापक अन्तर्राष्ट्रिय कुटनीतिक पहल भए पनि यस विषयलाई अन्त्यन्तै न्यून चासो दिइएको छ।

'हाम्रो आपसी अविश्वास तोडिएपछि म यो मुद्दाको समाधानका लागि अगाडि बढ्न चाहेको छु' -आबेले बताए।

यस मुद्दालाई आफ्नै जिम्मेवारीमा समाधान गर्नुपर्छ भन्नेमा आफूसँग गहन सोच रहेको उनले बताए। जापानी नागरिकलाई कब्जामा लिएको मुद्दा समाधानका लागि किमसँग भेट्न चाहेको आबेले सार्वजनिक गरेका थिए।

जापानका विदेशमन्त्री तारो कोनोले सिंगापुरमा जुलाइको उत्तरार्द्धबाट सिंगापुरमा शुरू हुने आसियन दुतहरूको बैठकका क्रममा उत्तर कोरियाली समकक्षीसँग वार्ता गर्ने सोच बनाइरहेको बताए। अन्तरवार्ताका क्रममा आबेले उत्तर कोरियालाई निशस्त्रीकरणका लागि आर्थिक लगानी गर्न तयार रहेको आबेले बताए। मंगलबार ट्रम्पसँगको वार्तापछि जारी गरिएको विज्ञप्तिमा किम 'कोरियाली प्रायद्वीपमा पूर्ण निशस्त्रीकरण'का लागि सहमत भएका थिए।

परमाणु हतियारको त्रासबाट मुक्त हुने फाइदाका लागि जापान तथा अन्य देशले त्यसको आर्थिक भार बहन गर्नु स्वाभाविक भएको आबेले बताए। तर उनले कब्जाको मुद्दा समाधानबिना प्योङयाङलाई आर्थिक सहयोग गर्ने कुनै योजना नभएको पनि चेतावनी दिए।

## क्याम्वोडियाका राजकुमार सवारी दुर्घटनामा



नोमपेन्ह, (एजेन्सी)

क्याम्वोडियाका पूर्वप्रधानमन्त्री तथा राजकुमार नोरोदम रणरिद्ध आइतबार क्याम्वोडियाको दक्षिण पश्चिमी भागमा कार दुर्घटनामा घाइते भएका छन् भने उनकी पत्नीको मृत्यु भएको प्रहरीले जनाएको छ।

७४ वर्षीय राजकुमार नरोदम र उनकी ३९ वर्षीया पत्नी ओउक फाल्ला सवार कारलाई अचानक एउटा ट्याक्सीले ठक्कर दिएको सरकारी अधिकारीले बताएका छन्। ती दम्पतीलाई तत्कालै प्रिह सिंहानुक प्रान्तको एउटा स्थानीय अस्पतलामा पुऱ्याइएको थियो।

तर केही घन्टापछि नै फाल्लाको मृत्यु भएको थियो। आफ्ना राजनीतिक समर्थकलाई भेट्न गइरहेका बेला तिनीहरू सडक दुर्घटनामा परेका हुन्। राजकुमार रणरिद्ध नरेश नरोदम सिहामोनीका सौतेनी दाइ हुन्।

एउटा राजनीतिक पार्टीको नेतृत्व गर्ने उनले आगामी महिना आयोजना हुन गइरहेको विवादास्पद आम निर्वाचनमा भाग लिन लागेका हुन्। गतवर्ष राष्ट्रकै प्रमुख विपक्षी पार्टी क्याम्वोडिया नेसनल रेस्क्यु पार्टी (सीएनआरपी) का विघटन हुनुका साथै त्यसका नेताविरुद्ध जालसाजीको अभियोग लगाइएको थियो।

क्याम्वोडियामा प्रधानमन्त्री हुन सेनले विगत ३३ वर्षदेखि शासन चलाउँदै आएका छन्। उनलाई विपक्षी राजनीतिज्ञलाई दमन गर्न न्यायालय र सुरक्षा फौजको दुरुपयोग गर्दै आएको आरोप लाग्ने गरेको छ।

राजकुमार रणरिद्धले सन् १९९३ देखि १९९७ सम्म प्रधानमन्त्री हुन सेनसँग मिलेर सरकार चलाएका थिए। वर्तमान प्रधानमन्त्रीको नेतृत्वमा भएको विद्रोहमा उनी सत्ताबाट बाहिरिन पुगेका थिए। हुन सेनसँग पुन: मेलमिलाप गरी राजकुमार सन् २०१५ मा पुन: राजनीतिमा फर्केका थिए।

## मादक पदार्थ 'स्पाइस'को चपेटामा बेलायत



लन्डन, (एजेन्सी)

बेलायतमा सामाजिक सन्जालमा फैलिएको एक तस्वीरले लागूपदार्थ प्रयोगप्रति चिन्ता बढाएको छ। उक्त तस्वीरमा बस्न पनि नसक्ने अवस्थामा पुगेका नशाले चुर ३ युवक देखिएका छन् भने उनीहरू नजिकै एक बच्चा खेलिरहेको देखिन्छ।

उक्त तस्वीर साउथ वेल्सको सहर ब्रिजेन्डमा लिइएको हो। ती तीनै जना युवक 'स्पाइस' भनिने एक खतरनाक नशामा चुर थिए। हाल बेलायतलाई यो लागूपदार्थले चेपेटामा लिएको छ।

केही समयपछि सामाजिक सन्जालमा फैलिएको अर्को एक तस्वीरमा १ व्यक्ति बेन्चमा नशाले चुर अवस्थामा देखिएका छन्। तस्वीर लिएका व्यक्तिले आफ्नो नाम साझा नगर्ने सर्तमा आफूले गत मंगलबार ती तस्वीर लिएको बताएका छन्।

स्पाइस एक अवैध मादक पदार्थ हो, जसले गाँजाको जस्तो असर गर्छ र यसको प्रयोग गर्न व्यक्ति अत्यन्त कमजोर हुने गर्छ। साउथ वेल्स प्रहरीले ती लागूपदार्थबाट मानिसमा अत्यन्त खतरनाक असर पर्ने र उक्त नशाविरुद्ध लड्नु प्राथमिकता भएको बताएको छ।

डिटेक्टिभ डिन टेलरले उनको विभागले अहिलेसम्म ती तस्वीर नदेखेको दाबी गरेका छन्। उनले भने- 'म समाजसँग अपिल गर्दछु कि उनीहरू लागूपदार्थ व्यापारीसँगको लडाइमा हामीलाई सहयोग जारी राखून्।'

## सम्पूर्ण शाही सम्पत्ति थाइ नरेशको स्वामित्वमा



बैंकक, (एजेन्सी)

थाइल्यान्डका नरेश महा वाजिरालोंगकोनलाई कम्तिमा ३० अर्ब अमेरिकी डलर बराबरको शाही सम्पत्तिमाथिको निजी स्वामित्वको लागि पूर्ण अधिकार प्रदान गरिएको छ।

राजाको तर्फबाट शाही सम्पत्ति नियन्त्रण गर्ने क्राउन प्रपर्टी ब्युरोले गतवर्ष यस सम्बन्धमा परिवर्तित कानुनअनुसार उनलाई स्वामित्व प्रदान गरिएको जनाएको छ। फलस्वरुप पहिलो पटक थाइल्यान्डमा शाही सम्पत्तिमाथि कर लाग्ने भएको छ। ६५ वर्षीय महा वाजिरालोंगकोन सन् २०१६ को डिसेम्बरमा थाइ नरेश बनेका थिए।

उनका पिता तथा थाइल्यान्डका सबैभन्दा सम्मानित नरेश भुमिबोल अदुल्यादजेको सन् २०१६ को अक्टोवरमा निधन भएको थियो। थाइल्यान्डमा कडा लेसे म्याजेस्टे कानुन रहेको छ।

यसअन्तर्गत शाही परिवारको आलोचनासमेत गर्न पाइँदैन। यसै कानुनको कारण जनताले शाहि परिवारबारे बोल्न र अध्ययन गर्न पाउँदैनन्। शाही सम्पत्तिमा विभिन्न कम्पनीका सेयर पनि रहेको छ। क्राउन प्रपर्टी ब्युराले अबदेखि शाही सम्पत्तिको सुरक्षा र व्यवस्थापनलगायत सम्पूर्ण मामिलामा नरेश स्वयंले स्वविवेक प्रयोग गर्न सक्ने कुरा आफूले जारी गरेको विज्ञप्तिमा उल्लेख गरेको छ।

## अष्ट्रेलियामा विशाल नांगो फोटोसुट



सिड्नी, (एजेन्सी)

अष्ट्रेलियाली सुपरमार्केट चेन वुलवर्थसले अमेरिकी कलाकार स्पेन्सर ट्युनिकलाई आफ्नो मेलवर्नस्थित एउटा स्टोरको कारपार्क क्षेत्रमा एक विशाल नांगो फोटो सुटका लागि आइतबार अनुमति दिएको छ। यस अघिसम्म सो अनुमति रोकिएको थियो।

गत अप्रिलमा वुलवर्थसले प्राहानमा फोटो सुटका लागि ट्युनिकले गरेको अनुरोधलाई शनिबार यस्तो कार्यक्रमले निकै अवरोध खडा गर्नसक्ने भन्दै अस्वीकार गरेको थियो। यसका लागि कलाकारले उनलाई अपिल गरेका थिए। अहिले आएर वुलवर्थसले सोमबार बिहान १ घन्टाका लागि उनले फोटोसुटका लागि कारपार्क प्रयोग गर्न सक्ने जनाएको हो।

भिक्टोरिया राज्यको राजधानी आयोजित च्यापल स्ट्रिट प्रोभोकेयर आर्टस फेस्टिभलको सिलसिलामा यो ऐतिहासिक फोटोसुट गरिन लागेको हो। ९ जुलाईमा रुफटप कारपार्कमा हुने हुने भनिएको यस फोटोसुटमा क्यामेरासामू नांगिनका लागि अहिलेसम्म ११ हजार मानिसले नाम दर्ता गराइसकेका छन्।

तर फोटोसुटका लागि आवेदन दिँदा ट्युनिकले करिब ५ सयजना स्वयंसेवकले भाग लिने बताएका थिए। फेस्टिभल आयोजकले पनि ट्युनिकलाई सहयोग र प्रोत्साहन दिइरहेका छन्। न्युयोर्क निवासी ट्युनिकले यसअघि मेलवर्नमा गरेको फोटोसुटमा ४ हजार स्वंयसेवकले भाग लिएका थिए। उनले अहिलेसम्म विश्वका ३० वटाभन्दा बढी राष्ट्रमा १ सय २० वटाभन्दा बढी नांगा फोटोसुट सम्पन्न गरिसकेका छन्। उनले सन् २०१० मा सिड्नी ओपेरा हाउसमा फोटोसुट गरेका थिए।